सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'साम्री' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ६६ ○श्रेणी 'क' ○२०७२ मंसिर १९ गते शनिबार ○ 5 Dec. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुलुसै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ४८१६१०२२१६

चिसाखोला वन समूहद्वारा लाखौं मूल्यको काठ कौडीको भाउमा विक्री

छानविन भयो तर कार्वाही गर्न आलटाल

अख्तियारले नै तत्काल छानविन गर्नुपर्नेमा उपभोक्ताहरुको जोड

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

चिसाखोला सामुदायिक वन उपभोक्ता समूह पोखरा-२६, कास्कीको वन प्लट नं. ४ को दाउरामा कालोबजारी भएको समाचार बाहिर आएपनि जिल्ला वन कार्यालय कास्कीले कार्वाही प्रक्रिया अगाडि बढाउन आनाकानी गरेको छ । उक्त सामुदायिक वनको दाउरामा कालोबजारी भएको उपभोक्ताको गुनासो बढेपछि यसअघि गोल्डेन न्यूज दैनिक सहित केही संचारमाध्यमले समाचार बाहिर ल्याएको थियो । उक्त समाचार प्रकाशन भएपछि समितिका अध्यक्ष प्रेमराज अधिकारीले बुधबार वन समूहको बैठक बसालेर समाचारको खण्डन गर्दै आफू र आफ्नो समितिको बचाउ गरेका थिए । असन्तुष्टि जनाउँदै बैठकमा समितिका सदस्यहरु सहारा नेपाली, मनहरि सुवेदी र गोमा अधिकारी सहभागी नभएको समेत बुझिएको छ । वन उपभोक्ता समूहका अध्यक्ष प्रेमराज अधिकारीले भने आफूहरुले गरेको निर्णय अधिकारिक नै भएको दावी गरेका छन् । यस विषयमा समितिभित्रै विवाद छ नि ? भनेर प्रश्न गर्दा अध्यक्ष अधिकारीले सबै सदस्यको धारणा एउटै नभएकाले केही सदस्यले असन्तुष्टि व्यक्त गर्नु स्वभाविक भएको बताए ।

अवैधानिक तवरले दाउरा बेचेको समाचार बाहिर आएपछि कार्वाही गर्न जिल्ला वन कार्यालय कास्कीले अग्रसरता देखाएको थियो तर वन समूहका पदाधिकारीहरुले राजनीतिक पावर देखाउन थालेपछि हच्किएको छ । उक्त काण्डमा वन कार्यालयकै केही कर्मचारी संलग्न रहेको र यस विषयमा अख्तियारमा समेत मुद्दा परुन सक्ने डरले पनि वन कार्यालय पछि हटेको सोलते बताएको छ ।

चिसाखोला सामुदायिक वन उपभोक्ता समूह पोखरा-२६, कास्कीकै सदस्यहरुबीच मनमुटाव रहँदा-रहँदै लाखौं मूल्य बराबरको गोलिया काठ दाउरा सस्तोमा बेचेको समाचार बाहिर आएपछि वन समूहको आकस्मिक बैठक बसी औपचारिक निर्णय गरेर जिल्ला वन कार्यालय तथा अन्य निकायहरुमा फाइल पठाउन लागेको सोतले बताएको छ । वन समूहले हतार-हतार बैठक बसी गरेका अस्पष्ट निर्णयहरु र पत्रिकालाई गराएको स्पष्टिकरण गोल्डेन न्यूज दैनिकसंग सुरक्षित छ । वन समूहको बैठकले गत फाल्गुनमा कृषिमार्ग विस्तार गर्नेक्रममा केही रुखहरु काटिएको र काटिएका उक्त रुखहरुबारे जिल्ला वन कार्यालयलाई जानकारी गराएको भएपनि वन कार्यालयकै कारणले यस्तो अवस्था आएको आरोप लगाएको छ । रुख काटिएको १० महिना बित्दा समेत उक्त काठ व्यवस्थापन गर्न नसकेको वन समूहले वर्तमान अवस्थामा मात्र किन यस्तो निर्णय गऱ्यो त ? प्रश्न गर्ने ठाउँ थुप्रै छन् । वन समूहले उक्त काठहरु २१ हजार रुपैयाँमात्र बिक्री गरेको स्वीकार गरेको छ । बिना टेण्डर, बिना प्रतिस्पर्धा २१ हजार रुपैयाँमा मात्र काठ बिक्री गरिनुमा पनि आशंका छ । इन्धनको चर्को अभावले आम नेपाली आजित भइरहेको समयमा वनमा रहेका लाखौं रुपैयाँको गोलिया काठ २१ हजार रुपैयाँमा मात्र बिक्री गर्नु, जिल्ला वन कार्यालयलाई छाडेर जिल्ला वन महासंघलाई जानकारी गराइ काठ बेचिएको वन समूहको भनाइ छ । करिब १ वर्षसम्म वनमा थन्किरहेको लाखौं मूल्य पर्ने काठ सस्तोमा रातारात बेचिएपछि वनका उपभोक्ताहरु आक्रोशित भएका छन् । १२५ जना सदस्य रहेको वन उपभोक्ता समूहले यहि मंसिर ५ गतेको बैठकले काठ दाउरा बेच्ने अवैधानिक निर्णय गराएको, ६ गते सूचना टाँस गरेको २४ घण्टाभित्रै उक्त काठ जम्मा २१ हजार रुपैयाँमा मात्र बिक्री गरिएको बताएपछि काठ दाउरामा चर्को घोटला भएको हुन सक्ने उपभोक्ताले आशंका गरेका छन् । व्यक्तिको जग्गामा रहेको दाउरा काट्न समेत वन कार्यालय तथा इलाका वन कार्यालयको स्वीकृति लिनुपर्ने हुन्छ तर सामुदायिक वनका काठ सहजै र सरल रुपमा बिक्री गर्न अनुमति किन दियो त ? उपभोक्ताले प्रश्न र आशंका गरेका छन् ।

यता जिल्ला वन कार्यालय कास्कीका प्रमुख प्रभात सापकोटाले बेचिएको काठको बारेमा समाचार बाहिर आएपछि छानविन समिति गठन गरिसकेको बताउँदै अब कार्वाही प्रक्रिया अगाडि बढाउने बताएका छन् । यसविषयमा छानविन गर्न बेचैन चौधरीको नेतृत्वमा गठन भएको समितिका संयोजक चौधरीले भने आफूहरुले चिसाखोला सामुदायिक वन समूहसँग स्पष्टिकरण सोधिसकेको भन्दै केही दिनमा नै सत्य तथ्य सार्वजनिक गर्ने बताए । तर सम्बन्धित स्थानका उपभोक्ताले भने चौधरीनै समितिसँग साँठगाँठ गरेको आरोप लगाउँदै अर्को समिति गठन हुनुपर्ने माग गरेका छन् । गत चैत्रमा उपभोक्ता भेलाले काठ बाँड्न माग गर्दा समिति पदाधिकारीले वन कार्यालय कास्कीले रोकेको बहाना बनाएको थियो । वनसमूहले अचानक अहिले उपभोक्तालाई नसोधि समिति एक्लैले समितिभित्रकै सदस्यलाई काठ दाउरा बिक्री गर्नु घोटला भएको हुन सक्ने उपभोक्ताहरुको आशंका छ । वन समूहले एकलौटी ढंगले उपभोक्ता कार्यसमितिकै जगत बहादुर परियार, भेषबहादुर सुवेदी लगायतको ३ सदस्यलाई अति नै सस्तो मूल्य जम्मा २१ हजार रुपैयाँमा काठ दाउरा बेच्ने निर्णय गरेको थियो । काठ दाउरा किन्ने मध्ये जगत परियार वन समूहकै कार्यसमितिका सदस्य हुन् । सार्वजनिक महत्वको विषयलाई टेण्डर आह्वानको सूचना प्रकाशन गरि लिलाम बढाबढमा काठ दाउरा बिक्री गर्नुपर्नेमा वन समूह एक्लैको निर्णयले मात्र ठूलो परिमाणको काठ बिक्री गरिनुमा कानून विपरित रहेको बुझ्न सकिन्छ । यस विषयमा जिल्ला वन कार्यालय, इलाका वन कार्यालयका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समेत ध्यान जानुपर्ने मा उपभोक्ताले जोड दिएका छन् ।

तस्वीर : गोल्डेन न्यूज दैनिक

मूल्य चिन्न नसकेपछि : चिसाखोला सामुदायिक वन उपभोक्ता समूह पोखरा-२६ ले बिक्री गरेको भनिएको काठ र दाउरा । यी केही अंशमात्रै हुन् । जम्मा २१ हजार रुपैयाँमा बिक्री गरिएको काठ दाउरा यसको २०औं गुणा धेरै छन् ।

भूकम्पपीडितलाई १० हजार दिइने

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं १८ मंसिर ।

भूकम्प पीडितलाई जाडो समयका लागि 'न्यानो कपडा खरिद' का लागि आगामी साताबाट १० हजार रुपैयाँ वितरण गरिने भएको छ। शुक्रबार जिल्ला प्रशासन कार्यालयहरूलाई रकम निकासाको अख्तियारी जाने भएकाले आगामी साताबाट उक्त रकम वितरण हुने भएको गृह मन्त्रालयले जनाएको हो। मन्त्रालयका प्रवक्ता लक्ष्मीप्रसाद ढकालका अनुसार जिल्ला प्रशासन कार्यालयहरूले पुरानै कार्यविधिको आधारमा रही उक्त रकम वितरण गर्ने छन् 'जिल्ला प्रशासनलाई रकम निकासाको सबै तयारी पुरा भइसकेको छ। यसै साताभित्र (शुक्रवारसम्म) जिल्ला प्रशासनहरूलाई अख्तियारी जाने छ,' उनले भने,-'कार्यालयहरूले पहिले १५ हजार रुपैयाँ वितरण गर्दाको कार्यविधि र तथ्यांकको आधारमा यो रकम पीडितलाई उपलब्ध गराउने छन्। भूकम्पलगत्तै सरकारले १५ हजार रुपैयाँ बाँडेको थियो। सरकारले देशको वर्तमान आर्थिक अवस्था र सरकारको तत्कालीन कार्यदिशासम्बन्धी श्वेतपत्रमा भूकम्पपीडित परिवारलाई जाडोका लागि 'न्यानो कपडा खरिद' कार्यक्रम ल्याएको थियो। पुर्ण रूपमा घर क्षति भएका परिवारलाई जाडोयाममा कपडा खरिद गर्न मंसिर मसान्तसम्म १० हजार रुपैयाँ अनुदान उपलब्ध गराउने घोषणा श्वेतपत्रमा गरिएको थियो। मंसिर मसान्तभित्र नै उक्त रकम सबै जिल्ला प्रशासन कार्यालयले वितरण गरिसक्ने दावी मन्त्रालयको छ। उक्त रकम यसअघि भूकम्पपीडितका लागि घर बनाउन दिने घोषणा गरेको २ लाख रुपैयाँभन्दा बाहेकको रहेको जनाइएको छ। जून अनुदानस्वरूप हो। श्वेतपत्रको कार्यक्रमअनुसार कपडा खरिद गर्नका लागि अर्थ मन्त्रालयले ६ अर्ब २ करोड रुपैयाँ निकासा दिइसकेको प्रवक्ता ढकालले बताए। अर्थले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई गत मंगलबार निकासा दिएको थियो। कोपले गृहलाई उक्त रकम बुधबार निकासा दिएको हो। गृह मन्त्रालयका अनुसार पूर्ण रूपमा घर क्षति भएका परिवार संख्या ६ लाख २ हजार ५ सय ९३ हो। उक्त समूहलाई जिल्ला प्रशासन कार्यालयले कपडा खरिद गर्न शीर्षकमा रकम वितरण गर्ने हो। उक्त संख्याको आधारमा अर्थ मन्त्रालयले उद्धार कोष हुँदै गृहलाई रकम निकासा दिएको हो।

यसअघि सरकारले भूकम्प पछिको राहत तथा उद्धारमा करिब साढे १५ अर्ब रुपैयाँ खर्च भइसकेको जनाएको छ। उद्धार कोषका अनुसार भूकम्पपछि १५ अर्ब ४० करोड १६ लाख रुपैयाँ खर्च भएको हो। खर्चमध्ये ९ अर्ब ५० करोड रुपैयाँ राज्य ढुकुटी अर्थले मन्त्रालयमार्फत निकासा दिएको हो। बाँकी रकम विभिन्न सहयोगी निकायबाट संकलन भए अन्तर्गतको हो। उक्त रकम प्रारम्भिक राहत तथा उद्धारका लागि मुलुकभरका ५९ वटा जिल्ला प्रशासन कार्यालयमार्फत खर्च भएको हो। भूकम्पमा परी ज्यान गुमाएका परिवारलाई किरिया खर्च, क्षतिपूर्ति र घर क्षति हुनेहरूका लागि अस्थायी बासका शीर्षकमा रकम दिइएको हो। न्यानो कपडा खरिदका लागि पनि १० हजार रकम सोही जिल्ला प्रशासन कार्यालयहरूलाई नै निकासा दिने गृहको तयारी हो। गृहमन्त्री शक्ति बस्नेतको अध्यक्षतामा दुई दिनअघि बसेको केन्द्रीय दैवी प्रकोप उद्धार कोषको बैठकले जाडोबाट बच्नका लागि अन्य कार्यक्रमहरूसमेत सञ्चालन गर्न निर्णय गरेको छ। शितलहर र चिसोका कारण तराईका जिल्लाहरूमा मानिसहरू बिरामी हुने हुँदा बच्न पूर्वतयारीका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय कोषले गरेको हो। चौक, टोल, केन्द्रहरूमा दाउरा बाली तातो बनाउन स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समितिहरूलाई शीतलहरबाट बच्च पूर्वतयारीको व्यवस्था गर्न निर्देशनसमेत दिने निर्णय गरेको छ। 'स्थानीय निकायमार्फत विपन्न तथा गरिब परिवारहरूलाई पहिचानको आधारमा दाउराको

बाँकी २ पृष्ठमा.....

पोखरामा घर निर्माणका लागि नक्सा पास खुल्दै

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

गत वैशाखमा गएको भूकम्पपछि पोखरा उप-महानगरपालिकामा रोकिएको घर निर्माणका लागि नक्सा पास आइतबारबाट खुल्ने भएको छ। सरकारले लागू गरेको नयाँ मापदण्डअनुसार नक्सा पास खुलाउन लागिएको कार्यकारी अधिकृत भलकराम अधिकारीले बताए। पोखरामा सरुवा भएर कार्यभार सम्हालेको पहिलो दिन (बुधवार) नै उनले नक्सा पास खुलाउने निर्णय गरेका हुन् । 'नगरपालिकाको प्रमुख काम घर बनाउन नक्सा पास गर्दै सहजीकरण गर्ने र शहरी सेवाको व्यवस्थापन हो,' उनले भने । भूकम्प गइसकेपछि सरकारले 'बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड' तयार पारेको छ। सोही मापदण्डअनुसार पोखरा उपमहानगरपालिकामा नक्सा पास हुने उनले जानकारी दिए। 'सरकारले बनाएको मापदण्ड पूरा भएका सबै नक्सा आइतबारबाट पास हुन्छ,' उनले भने ।

मापदण्ड पूरा गर्न नसक्ने थोरै क्षेत्रफल भएका जग्गाको हकमा भने नीतिगत सहमतिका लागि मन्त्रालयमा पत्र पठाइने अधिकारीले बताए । मन्त्रिपरिषदले निर्णय गरेमा मात्र मापदण्ड पूरा गर्न नसक्ने जग्गाले घर बनाउने नक्सा पास पाउनेछ । 'सानासाना टुक्रा जग्गा भएका जनतालेे पनि घर बनाएर बस्ने अधिकार पाउँछन्,' अधिकारीले भने, 'जनतालाई मर्का पार्न भएन भनेर साना टुक्रा जग्गाका लागि छुट्टै मापदण्ड बनाउन मन्त्रालयसँग माग गरिनेछ ।' भूकम्प गएपछि ८ महीनासम्म घर बनाउने नक्सा पास रोकिएको थियो ।

गत असोजमै सरकारले घर जग्गासम्बन्धी नयाँ मापदण्ड बनाए पनि पोखरामा अहिलेसम्म नक्सा पास खुल्न सकेको थिएन । नयाँ मापदण्डअनुसार घर बनाउँदा आवासीय भवनका लागि कम्तीमा ३० प्रतिशत र व्यावसायिक प्रयोजनको भवन बनाउन कम्तीमा ४० प्रतिशत खुला क्षेत्र छोड्नुपर्नेछ । मापदण्ड पूरा गर्न 'सेटब्याक' (छोड्नुपर्ने दूरी) कार्यान्वयन प्रमुख चुनौती देखिएको छ। सँधियारतर्फ दुर्वीतिर कम्तीमा १ दशमलव ५ मिटर (५ फुट) सेटब्याक छोड्नुपर्ने छ। नयाँ मापदण्ड लागू हुनु अगाडि १ दशमलव ५ फिट मात्र सेटब्याक छोड्दा पुग्थ्यो । सेटब्याक नछोडी घर बनाउनेले सँधियारतर्फ भ्याल राख्न पाउनेछैनन् ।

सँधियारतर्फ सेटब्याक नराखी घर बनाउने व्यवस्थासमेत छ । तर, उनीहरूले ३ तलाभन्दा अग्लो घर बनाउन नगरपालिकाबाट स्वीकृति पाउनेछैनन् । सँधियारको तर्फ भ्याल राखेर घर बनाउँदा ३ तलासम्म १ दशमलव ५ मिटर, ३ देखि ५ तलासम्म २ मिटर, ५ तलामाथि ३ मिटर सेटब्याक छोड्नुपर्ने पोखरा उप-महानगरपालिकाका इञ्जिनियर सुरेन्द्र पाण्डेले जानकारी दिए । 'सबै घर बनाउँदा इञ्जिनियरिङ डिजाइन अनिवार्य छ,' उनले भने,-'दिगो र व्यवस्थित शहरी विकासका लागि नयाँ मापदण्ड निकै राम्रो छ ।' नगरपालिकाले प्राविधिकलाई समेत थप जिम्मेवारी बनाउन सिफारिश गरेपछि अनुगमन हुने पनि उनले बताए ।

'कन्सल्टेन्सी तथा प्राविधिकले नक्सा बनाएपछि मात्र पास प्रक्रिया अगाडि बढ्छ,' पौडेलले भने, 'नक्सा बनाएको ४ वर्षभित्र घर सम्पन्नताको प्रमाणपत्र लिइ सक्नुपर्नेछ ।' नयाँ मापदण्ड कस्तो आयो भनेर आम सर्वसाधारणले बुझ्न बाँकी रहेकाले पनि नगरपालिका थप जिम्मेवार हुनुपर्ने उनले बताए । 'मापदण्ड र खुला क्षेत्रका बारेमा सर्वसाधारणलाई बुझाउनुपर्ने छ,' उनले भने, 'साना पिछाड, सानो बाटो, क्षेत्रफल कम भएकाहरूलाई अब केही समस्या हुने देखिन्छ ।' साढे २ आना भन्दा कम जग्गा भएकाले नक्सा पाउन निवेदन नै दिन पाउनेछैनन् ।

भूकम्प जानुअघि पोखरामा बढीमा ३५ फुट अग्लोसम्म घर बनाउन पाइने मापदण्ड थियो । नियमविपरित अग्लो घर बनाउनेहरूले पनि घर सम्पन्नताको प्रमाणपत्र पाउन सकेका छैनन् । मापदण्डअनुसार इञ्जिनियरिङ पद्धति अपनाएमा आगामी दिनमा जति अग्लो घर बनाउन पनि पाइने बाटो खुलेको आर्थिक अभियान दैनिकमा उल्लेख छ । बनिसकेका घरलाई नयाँ मापदण्ड लागू हुनेछैन । 'वैधानिकता पाउन बनिसकेका घर पुरानो मापदण्डअनुसार बने हुनु अनिवार्य छ,'-इञ्जिनियर पौडेलले भने ।

पर्यटक रिहा

✍गोल्डेन न्यूज संवाददाता
म्यागदी १८ मंसिर ।

उत्तरी छिमेकी चीनको सीमावर्ती तथा सुरक्षा संवेदनशील मुस्ताङको उपल्लो भेगमा पर्ने लोमन्थाङ क्षेत्रमा ड्रोनको प्रयोग गरी फोटो खिच्ने दुई जर्मन पर्यटक पहरी नियन्त्रणपछि मुक्त भएका छन् । विदेशी पर्यटकका लागि अर्धनिषेधित क्षेत्र लोमन्थाङमा पुगेका जर्मन पर्यटक दम्पत्ति माईकल र आजा टोसरले ड्रोनको प्रयोगगरी लोमन्थाङ बजारको तस्विर लिइरहेको अवस्थामा इलाका प्रहरी कार्यालय लोमन्थाङले गत सोमबार नियन्त्रणमा लिएको थियो । तस्विर खिच्न प्रयोग भएको ड्रोन र क्यामेरा जफत गरी पर्यटकलाई विहिबार साँझ जोमसोमबाट मुक्त गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार माईकल दम्पत्तिले इन्जोए ट्रेकिङ नामक पर्यटन कम्पनी जर्मन र नेपालमा सञ्चालन गर्दै आएका छन् । 'लोमन्थाङ क्षेत्रको पदयात्रा स्वीकृति लिएका भएपनि ड्रोनको प्रयोग सम्बन्धी कुनै स्वीकृति नभएकोले सामान जफत गरी पर्यटकलाई मुक्त गरेका छौं,' जिल्ला प्रहरी प्रमुख डिएसपी अर्जुन श्रेष्ठले भने, 'जर्मन र नेपालमा पर्यटन व्यवसाय संञ्चालन गर्ने माईकल दम्पत्तिले लोमन्थाङ क्षेत्रको पटक-पटक पदयात्रा गरेका छन् ।' लोमन्थाङ क्षेत्रमा पर्ने कोरला नाका सञ्चालनमा ल्याउन चिनियाँ पक्षले सुरक्षा संवेदनशीलतामा सचेत देखिएको अवस्थामा पश्चिमा

बाँकी ३ पृष्ठमा.....

कन्या क्याम्पस रजत जयन्तीको तयारीमा

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

पश्चिमाञ्चलको एक मात्र कन्या क्याम्पस रजत जयन्तीको तयारीमा जुटेको छ। पोखराको नदिपुरमा रहेको कन्या क्याम्पसको रजत जयन्ती विभिन्न कार्यक्रम गरि मनाउने तयारी भएको विहिबार पत्रकार सम्मेलन गरि जानकारी दिएको छ। क्याम्पसले रजत वर्षको पूर्वसन्ध्यामा मंसिर २९ गते रक्तदान कार्यक्रम, २२ गते रजत जयन्तीको कार्यक्रम उद्घाटन गर्ने कार्यक्रम तय भएको क्याम्पस सञ्चालक समितिका अध्यक्ष योगेन्द्रलाल प्रधानले जानकारी दिए ।

प्रधानले एक वर्षभरी रजत जयन्तीका विभिन्न कार्यक्रम गर्ने बताए । उनले अन्तर कलेज छात्रा भलिवल, वक्तित्वकला, निबन्ध प्रतियोगिता लगायतका कार्यक्रम गर्ने बताए । उनले क्याम्पसबाट हाल सम्म दश जोड तर्फ ३ सय ८७ जना, स्नातक तर्फ ३ सय ९९ जना र स्नातकोत्तर तर्फ १४ जना छात्रा गरि ८ सय छात्रालाई अध्ययन गरिरहेको उल्लेख गरे । क्याम्पसमा ५१ जना प्राध्यापकहरुले प्राध्यापन गरिरहेका छन् ।

उनले हरेक वर्ष आर्थिक विपन्न, पिछडिएका, दुर्गम क्षेत्र र अवसरबाट वञ्चित रहेका जेहेन्दार ३० जना छात्रालाई छात्रवृत्ति प्रदान गर्दै आएको बताए । क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कियुएए प्रमाणपत्र पाप्त गर्न क्याम्पस अगाडी बढेको क्याम्पस प्रमुख सुरेश मानन्धरले जानकारी दिए । उनले शैक्षिक गुणस्तर शुधार गर्न ८ विषयका विभागहरु गठन गरि विभागिय प्रमुखहरु समेत तोकिएको बताए । उनले गुणस्तरीय शिक्षा प्रदान गरेका कारण क्याम्पसबाट छात्राहरुले बेला बेलामा नेपाल टप गरेको बताए ।

दुर्गमका विद्यार्थीलाई जापानको साथ

कन्या क्याम्पसमा कक्षा ११/१२ अध्ययन गर्नका लागि विगत १० वर्ष देखि जापान नेपाल महिला शिक्षा संघले सघाएको छ । संघले सुदुर पश्चिमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका दुर्गम जिल्लाका १० जना छात्रालाई निःशुल्क पढाउदै आए छ । उनीहरुलाई साकुरा डोरेमिटरी छात्रावासमा बस्ने, खाने निःशुल्क व्यवस्था र क्याम्पसको शिक्षा कक्षा ११ र १२ को अध्ययन गराउदै आएको छ । यो कार्यक्रम अन्तरगत ८० जना छात्रले अध्ययन गरेका छन् भने २० जना अहिले अध्ययनरत रहेका छन् । अध्ययन पछि छात्राले आफ्नै जिल्लामा ३ वर्ष प्राथमिक विद्यालय शिक्षिका रुपमा सेवा गर्न पर्ने क्याम्पस प्रमुख मानन्धरले उल्लेख गरे । उनले अहिले सम्म ५० जनाबाट उत्कृष्ट ५ जनाले जापानमा अध्ययन गर्ने अवसर पाईसकेको उनले बताए ।

अन्नपूर्ण परिपथ मार्गमा निःशुल्क इन्टरनेट

म्यागदी १८ मंसिर ।

पदयात्राका लागि चर्चित अन्नपूर्ण परिपथ मार्गका पर्यटकीय गाउँहरुमा निःशुल्क तारहरित (वाइफाई) इन्टरनेट सेवा सञ्चालन गरिएको छ। वीरेठाँटी, घान्द्रुक, घोडेपानी र तातोपानीका सबै पर्यटक होटल र रेष्टुरेन्टमा निःशुल्क वाइफाई इन्टरनेट युक्त भएका छन्। नेपाल टेलिकमले एडिएसएल र वाइम्याक्स इन्टरनेट सहितको रिलेस्टेसन स्थापना गरेपछि यहाँका सबै साना-ठूला होटल रेष्टुरेंले 'फ्रि वाइफाई' सेवा सञ्चालन गरेका हुन्। वाइफाई सेवा उपलब्ध भएपछि ग्राहकको सङ्ख्यामा वृद्धि भएको होटल रेष्टुरां सञ्चालकहरु बताउँछन्। 'स्वदेशी वा विदेशी जो पाहुनाले पनि पहिला वाइफाई सोध्छ अनि मात्र बास। वाइफाई इन्टरनेट नभएको होटलमा आजभोलि पर्यटकले पाइला राख्नै चाहन्न' पुनहिलका पर्यटन व्यवसायी देवेन्द्र गर्वुजाले भने ।

आँखामा ठोक्किन आउने हिमालको छायाँमा बसेर अर्गानिक खानेकुरा खाँदै ल्यापटप, नोटबुक वा मोवाइलमा इन्टरनेट चलाउँदा पर्यटक दंग पर्छन्। वाइफाईले होटल र रेष्टुरांको व्यापार पनि फष्टाएको छ। घोडेपानीमा मात्र होइन अन्नपूर्ण पदमार्ग क्षेत्रका विरेठाँटी, उल्लेरी, घान्द्रुक र संसारको सर्वाधिक गहिरो अन्धगल्छीका पर्यटकीय होटल रेष्टुरांहरुमा फ्रि वाइफाई इन्टरनेट जोडेका छन् ।

शनिबारीय स्वास्थ्य चर्चा

रक्तअल्पता (Anemia) : समस्या र यसबाट बच्ने उपायहरू


गर्भवती महिलामा विशेष खतरा

नेपालमा हरेक वर्ष गर्भवती हुने सात लाख महिलामध्ये ७८ प्रतिशतसम्मलाई गर्भावस्थामा रक्तअल्पता हुने गरेको छ। हालैको एक अध्ययनले महिला स्वास्थ्य स्वयंसेविका संगै विभिन्न स्वास्थ्य निकायबाट गर्भवती महिलालाई निःशुल्क आइरन चक्की वितरण गर्न थालिएबाट रक्तअल्पताकै कारणले हुने मातृ मृत्युदरमा कमी आएको देखाए पनि आइरन (लौह तत्व) को कमी वा जुकाको संक्रमणबाट गर्भावस्थामा हुने रक्तअल्पताको समस्या कम भएको छैन। वयस्क मानिसको हाडभित्रको रक्तमासीमा रगत बन्ने प्रक्रियामा आइरन, कपर, कोबाल्ट, भिटामिन बी १२, फोलिक एसिड, भिटामिन सी र प्रोटिन चाहिन्छ। रातो रक्तकोषको विकासक्रममा आरएनए र डीएनए बन्न 'भिटामिन बी १२' को जरुरत पर्छ भने डीएनए बन्न फोलिक एसिड चाहिन्छ। कुपोषण, गलत खालको खाने तौरतरिका, आन्द्राको सोस्ने प्रक्रियामा गडबडी, पसिनाबाट हुने आइरनको क्षति, पटक पटकको गर्भ, महीनावारीको वेला बढी रगत जाने समस्यामा उपचार अभाव, अंकुशे जुका र जीर्ण प्रकारका संक्रमणको कारणले नेपाल लगायतका विकासोन्मुख देशका निम्न आयस्तरका जनतालाई त्यसै पनि रक्तअल्पता हुन सक्छ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार, महिलाको शरीर (रगत) मा हेमोग्लोबिनको मात्रा ११ ग्राम (प्रतिशत) भन्दा कम भयो भने रक्तअल्पता भएको मानिन्छ। गर्भकालमा त्यसै पनि रगत पातलिन्छ, जुन गर्भावस्थाको ३२ हप्तातिर बढी हुन्छ। गर्भावस्थाको कुनै पनि वेला हेमोग्लोबिनको मात्रा ९ ग्राम (प्रतिशत) भन्दा कम भयो भने रक्तअल्पताको कारण खुट्याउन परीक्षण नै गराउनुपर्छ। ७ ग्राम (प्रतिशत) भन्दा कमलाई त रक्तअल्पताको गम्भीर अवस्था मानिन्छ। यो किन पनि गम्भीर अवस्था हुन्छ भने, तेस्रो विश्वमा मातृ मृत्युको २० प्रतिशत कारक रक्तअल्पता नै हो। गर्भवती महिलामा मुख्य रूपमा आइरन, फोलिक एसिड, 'भिटामिन बी १२' र प्रोटिन नपुगेर नै रक्तअल्पता हुन्छ त्यस बाहेक एक्कासी गर्भ तुहिदा, व्यथा नलाग्दै साल छुट्टिदा र अंकुशे जुकाको संक्रमणबाट रगत खेर गएर पनि रक्तअल्पता हुन्छ। गर्भवती महिलामा वंशाणुगत रूपमा थालासेमिया जस्तो रक्त समस्या हुँदा, रेडियो विकिरण तथा औषधिका कारण रक्तमासी क्षय हुँदा र औलो, क्षयरोग संक्रमण तथा मिर्गौलाको दुयमर हुँदा पनि रक्तअल्पता हुन सक्छ। गर्भधारणअघि नै पनि रक्तअल्पता हुन सक्छ। त्यसमाथि, बढी आइरन चाहिने गर्भावस्थामा खाना कम खाने, खानै नपाउने, वाक्वाकी एवं उल्टी आउने समस्याले रगत बन्ने प्रक्रिया घटाएर समस्यालाई झन् जटिल बनाउँछ। गर्भमा जुम्ल्याहा बच्चा भएका, दुई वर्षभन्दा कम समयको अन्तरमा बच्चा पाउन लागेका र कम उमेरमा गर्भधारण गरेका महिला बढी रक्तअल्पताको जोखिममा हुन्छन्।

आलस्य हुने, खान अरुचि हुने, मुटुको धड्कन बढ्ने, सास फेर्न गाह्रो हुने, चक्कर लाग्ने, खुट्टा सुन्निने, आँखा पहेँलिने आदि आइरनको कमी वा रक्तअल्पताका लक्षण हुन्।

रक्त परीक्षणको क्रममा रातो रक्तकणको आकार प्रकारबाट रक्तअल्पताको कारण खुट्याउन सकिन्छ। अन्य कारण खुट्याउन दिसा-पिसाबको जाँच पनि गर्नुपर्छ। गर्भावस्थाको रक्तअल्पताले वेहोरे हुने, मुटु फेल हुने, महीना नपुग्दै व्यथा लाग्ने, अधिक रक्तस्राव जस्ता परिणाम निम्त्याउन सक्छ। यस्तै हेमोग्लोबिन नभएकी गर्भवतीले सुत्केरीमा खेर जाने रगतको खती धेरुन सक्दैनन्। रक्तअल्पता भएकी आमाको गर्भमै शिशुको पनि मृत्यु हुन सक्छ। समयमै रक्तअल्पताको समस्या पत्ता लागे निको पार्न गाह्रो छैन। यसको लागि आइरन चक्की वाहेक कलेजो, मासु, अण्डा, सागपात, गेडागुडी, गहुँका परिकार खानुपर्छ। आइरन चक्की खानु एक घण्टा अगाडि चिया खानुहुँदैन। फलामको भाँडामा पकाएको खानेकुरामा धेरै आइरन हुन्छ। चौलाली पनि आइरनको राम्रो स्रोत हो। त्यसबाहेक गर्भावस्थाको ३२ र ३६ हप्तामा हेमोग्लोबिनको परीक्षण गर्नुपर्छ। आइरन चक्की खान नसक्ने वा गर्भावस्थाको ८ देखि १० हप्तामै गम्भीर खालको रक्तअल्पता देखिएका महिलालाई सुईबाट आइरन दिनुपर्छ। सुत्केरीलगत्तै अधिक रक्तस्राव भएमा, ३६ हप्तापछि गम्भीर खालको रक्तअल्पता देखिएमा, आइरन चक्की वा सुईबाट दिइएको आइरनबाट सुधार नहुँदा वा संक्रमण पनि भएमा रगत नै दिनुपर्ने हुन्छ।



पेटमा रगत चुस्ने परिजीविहरु हुनु रक्तअल्पताका अर्को कारण हुन।

रक्तअल्पताका लक्षणहरु

रगतको कमि भएर पनि कतिपयलाई लामो समयसम्म लक्षणहरु नदेखिन सक्छन भने कतिजनालाई सुरुवाटै समस्याहरु आउन सक्छन। रगतको कमि हुनु आफैमा एक विरामी हुन पनि सक्छ भने कहिलेकाही अरु कुनै विमारीको लक्षण पनि हुन सक्छ। रगतको कमिको कारणले हुने केहि लक्षण हुन :

१. शरीरमा आलस्यपन आउने, अल्छी लाग्ने, छिटो थकाई लाग्ने

२. सधैं कमजोरी को महसुस हुने, चक्कर आउने, टाउको दुख्ने, रिंगटा लाग्ने, फेन्ट हुने

३. सानो सानो काम गर्दा पनि सांस फुल्ने, मुटुको धड्कन बढ्ने

४. हात खुट्टाहरु चिसो रहने, अनुहार, आँखाको परेलीको पछाडिको भाग एवम जिब्रो सुक्खा र सेतो देखिने

५. मुखमा, ओठको कुनाहरुमा, जिब्रोमा घाउ खटिरा धेरै आउने

६. नङहरु सेता, सुख्खा र सजिलै संग भाचिने

७. सोच्ने क्षमतामा कमि आउने, बच्चाको पढाइमा कमजोरी आउने

८. आइरनको कमि ले गर्दा हुने रक्तअल्पतामा कतिपय बच्चाले माटो, कागज, घाँस या अन्य अखाद्य वस्तु खान मन पराउछन।

९. कसैकसैमा हात खुट्टा तथा शरीर सुनिने, हात खुट्टा तथा शरीर झम्झमाउने, बिरक्त लाग्ने जस्ता लक्षण देखिन्छन।

रक्तअल्पताको उपचार तथा रगत बढाउने उपायहरु

रक्तअल्पताका प्रकारहरु सयौं छन् तर अधिकांशमा यो समस्या आइरन र अरु पोषक तत्वको कमिले गर्दा हुन्छ। यसको उपचार भनेको आइरन र भिटामिन युक्त खानाको सेवन गर्नु हो। यदि गम्भीर रक्तअल्पता छ भने डाक्टरले दयाब्लेट या इन्जेक्सनको रुपमा आइरन र भिटामिन दिनसक्छन। साथ साथै पोषक तत्वको कमि गराउने कारण हरु जस्तै अपचको रोग, रगत खेर जाने कारण जस्तै अल्सर, पेटमा जुका, पाइल्स, महिनावारीको बिमारी इत्यादिको उपचार गराउनु पनि उत्तिकै जरुरि हुन्छ। कुनैपनि रोग लागिसकेपछि उपचार गर्नुभन्दा रोग लाग्नुनै नदिनु वेश हुन्छ। यसर्थ रगतको कमि वाट समस्याहरु आई दयाब्लेट र इन्जेक्सन लिनुभन्दा यो समस्या आउन नै नदिनु राम्रो। यसको लागि आइरन तथा भिटामिनयुक्त खाद्य पदार्थ हाम्रो नियमित खानपिनमा समावेश हुनु जरुरि छ। आइरन र आवश्यक भिटामिनका मुख्य स्रोत हुन :

१.आइरनको स्रोत : मासु, कलेजो, अन्डाको पहेलो भाग, हरिया सागपात (रायो, चम्सुर आदि), नफलेको अर्थात् पलिश नगरेको गहुँको पिठो, अन्य अन्नहरु (चामल, मकै) भटमास तथा अरु कोशे तरकारीहरू इत्यादि। जनावर वाट पाइने आइरन सरिरले सजिलोसंग लिन्छ।

२. भिटामिन B-१२ को स्रोत : यो जनावर वाट मात्र पाइन्छ। शुद्ध शाकाहारी मानिसले दूध एवं दूधका परिकार वाट यसको मात्रा पुरा गर्न सक्छन। यसका अरु स्रोत माछा माशु हुन्। कलेजो यो भिटामिनको सवैभन्दा राम्रो स्रोत मध्ये एक हो।

३. भिटामिन फोलिक एसिडको स्रोत : कलेजो यसको पनि सवैभन्दा राम्रो स्रोत हो। यसको अलावा अन्डा को पहेलो भाग, माछा मासु, पालिस नगरेको गहुँको पिठो, कोशेवाली समुहका तरकारीहरू (बोडी, भटमास, सिमि इत्यादि), हरिया सागपात, बन्दागोवी, ब्रोकाउली, सुन्तला, केरा आदि फोलिक एसिडका स्रोत हरु हुन्। पजनन उमेरका महिलाहरु, गर्भवती तथा स्तनपान गराउने महिलाहरु, बच्चा तथा किशोर किशोरीहरु तथा दीर्घ रोगीहरुमा रक्तअल्पताको सम्भावना धेरै हुन्छ। यसर्थ आइरन एवम भिटामिन युक्त खाद्य पदार्थ नियमितरुपमा खानपिनमा समावेश गरौं, जसले गर्दा रगत स्वस्थ हुनुको साथै शरीर पनि स्वस्थ रहोस।

(हिमाल खबर र स्वास्थ्य संचारवाट साभार गरिएको ।)

आजको पञ्चाङ्ग

मिति २०७२ साल मंसिर १९ गते शनिबार, तदनुसार दिसाम्बर ५ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको दशमी तिथि ५२ घटि ४२ पला अर्थात रातिमा ३ बजेर ४४ मिनेटसम्म त्यसउप्रान्त एकादशी तिथि लाग्नेछ । आज सूर्य वृश्चिम राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि ७ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३९ मिनेटमा यम मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०६ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पुरानो कार्यवाट आम्दानीमा एक्कासि वृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

वृष : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

मिथुन : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसंग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला ।

कर्कट : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रवाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपुर्ण रहनेछ ।

सिंह : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

कन्या : मित्रहरुवाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिवढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुनेछ ।

तुला : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशावाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

वृश्चिक : शत्रुवाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठुलै रुप लिनेछ, आफन्तवाट विशेष कार्यमा धोका हुने।

धनु : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ ।

मकर : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

कुम्भ : आफ्नै पेशावाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

मीन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हुन पाइनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

नेपाली कलाकार समूहको परिचयात्मक तथा सांस्कृतिक कार्यक्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

दुवइ स्थित इम्पोरियल होटलमा नेपाली कलाकार समूहद्वारा संचालित परिचयात्मक तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। "कला र संस्कृतिको उत्थान नेपालीको पहिचान" भन्ने मूल मन्त्रमा समाहित हुँदै फुजैराहको मिडिया सेन्टर हलमा नेपालका चर्चित अभिनेता भुवन केसीले कार्यक्रमको उद्घाटन गरेका थिए। नेपाली कला र संस्कृति, भाषा, भेषभूषा तथा नेपाली रहनसहनको संरक्षण एवम् सम्वर्द्धन गर्दै नयाँ प्रतिभालाई अवसर प्रदान गर्ने तथा प्रवासी नेपालीलाई कुनै समस्या परेमा सक्दो सहयोग गर्दै अगाडि बढ्ने उद्देश्य लिएर उक्त संस्था गठन भएको हो। कार्यक्रममा नेपाली कलाकार समूहका संस्थापक संरक्षक रतन थापाले नेपाल, नेपाली र नेपाली कला, संस्कृतिलाई माया गर्ने सबैलाई एकीकृत गरेर लैजाने बताए। उक्त अवसरमा प्रमुख अतिथि सदावहार अभिनेता भुवन केसीले रोजगारीको सिलसिलामा परदेशमा रहेका नेपाली दाजुभाइसँग भेट गर्न पाउँदा धेरै नै खुसी लागेको बताए।संस्थाका संरक्षक रतन थापा र विशेष अतिथि नेपालबाट आमन्त्रित चर्चित अभिनेता आर्यन सिग्देल, अभिनेत्र रेखा थापा, भुवन केसीका छोरा अनमोल केसीको उपस्थिति रहेको थियो भने अन्य अतिथिहरुमा नेपाली समाज युएइका अध्यक्ष चन्द्र सापकोटा, नेपाली जनसम्पर्क समिति दुवइका चित्रबहादुर केसी, एनआरएन क्षेत्रीय समिति फुजैराह दुवइका अध्यक्ष सागर लुईटेल, जिल्ला परिषद् दुवइका मणि भुर्तेल, कास्की आदर्श समाज दुवइका कृष्ण ढकाल, पर्वत समाज दुवइका राजेन्द्र अधिकारी, बागलुङ समाज दुवइका पिताम्बर पाण्डे, धादिङ समाज दुवइका भीम अधिकारी, अर्घाखाँची समाज दुवइका राजु खड्का, संस्थाका केन्द्रीय अध्यक्ष विष्णुप्रसाद अधिकारी, दुवइ समितिका अध्यक्ष राम प्रसाद ढकाल लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा स्थानीय कलाकारहरुको प्रस्तुतिले सांगीतिक कार्यक्रम रमाइलो बनेको थियो। उक्त अवसमा चर्चित अभिनेता भुवन केसीले गाएको गीत याद आयो नी म तिमी विना मरिहाल्छु नि गाउँदा कार्यक्रममा उपस्थित दर्शकहरु स्टेजमा नै गएर नाचेका थिए। संस्थाका अध्यक्ष विष्णु अधिकारीको अध्यक्षतामा भएको कार्यक्रम दोहोरी गायक हरि डुम्रेले संचालन गरेका थिए।

सन्तुलन मिलाएर समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड

पोखरा १८ मंसिर ।

स्वतन्त्र पत्रकार संघ नेपाल, रूपन्देही शाखाको वुटवलमा विहीवार भेला सम्पन्न भयो। भेलालाई सम्बोधन गर्दै संघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद वाँस्तोलाले अहिले देश संवेदनशील अवस्थामा रहेकाले पत्रकारहरूले होसियारीपूर्वक सन्तुलन मिलाएर समाचार सम्प्रेषण गर्नु पर्नेमा जोड दिए। उनले देशका विभिन्न जातजाति, वर्ग र सम्प्रदायवीचको सद्भाव खलवलिन नदिन पत्रकारले सचेत भएर कलम चलाउनु पर्ने बताए। देशको जुनसुकै आन्दोलनमा पनि पत्रकारहरू अचानो बन्ने गरेको र पत्रकार माथिको आक्रमण नरोकिएको उल्लेख गर्दै उनले जस्तोसुकै विपदमा पत्रकारहरूले धैर्य छोड्न नहुने बताए। विभिन्न जिल्लामा स्वतन्त्र पत्रकार संघका शाखा खोल्ने क्रम अगाडि बढिरहेको जानकारी दिँदै अध्यक्ष वाँस्तोलाले केन्द्रीय अधिवेशनको पाँच तयारी भइरहेको जानकारी दिए। संघका केन्द्रीय सदस्य राजेन्द्र जंग रायमाझीले देशमा भूकम्प र नाकाबन्दीका कारण धेरै कार्यक्रम प्रभावित भएको चर्चा गर्दै संघले थेरै भए पनि स्तरीय कार्यक्रम गर्नु पर्नेमा जोड दिए। कार्यक्रममा अध्यक्षको आसनवाट स्वागत मन्तव्य राख्दै रूपन्देही शाखाका अध्यक्ष बाबुराम गैरेले रूपन्देही शाखावाट पत्रकारहरूलाई सम्मान, पुरस्कार तथा उपचार सहयोगका लागि अक्षयकोष स्थापनाको तयारी भइरहेको बताए। कार्यक्रममा शाखाका सचिव अशोक गौतम र कोषाध्यक्ष दिनेश श्रेष्ठले अक्षय कोषका लागि जनही २५ हजार रूपैयाँ उपलब्ध गराउने घोषणा गरे।

प्राथमिक उपचार र सडक सुरक्षाबारे तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

प्राथमिक उपचार र सडक सुरक्षाबारे चारदिने तालिम पोखरामा शुक्रवार सम्पन्न भएको छ। सो अवसरमा बोल्दै नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका उपसभापति डोलराज पाण्डेले दुर्घटना वृद्धिसँगै प्राथमिक उपचारको महत्व बढ्दै गएको बताए। उपशाखा २/३ उपशाखाका सभापति खगेन्द्र पराजुलीले दुर्घटनापछि प्राथमिक उपचारमा लाग्न सहभागिलाई आग्रह गरे। शाखाका उपनिर्देशक खेमराज सापकोटाले दुर्घटनामा परि घाइते भएका विरामीलाई प्राथमिक उपचार प्रदान गर्नाले थप जटिल हुनवाट जोगाउन सकिने बताए। नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालय प्राथमिक उपचार महाशाखा प्राथमिक उपचार र सडक सुरक्षा परियोजनाका कार्यक्रम संयोजक सुशिलराज रेग्मीले सिकेका कुरा व्यवहारमा उतार्न आग्रह गरे। कार्यक्रममा २४ जनाको सहभागिता रहेको थियो। तालिममा खेमराज सापकोटा, मोहनसिंह खड्का, मिना सुवेदी, नवराज भण्डारी, रेखा ढकालले सहजिकरण गरेका थिए। सहभागीको तर्फवाट भीमा पौडेल र गणेशप्रसाद पोखेल, प्राथमिक उपचार र सडक सुरक्षा कार्यक्रमकी फिल्ड को-अर्डिनेटर प्रतिभा सापकोटालगायतले प्राथमिक उपचारको महत्वबारे बोलेका थिए। नेपाल रेडक्रस सोसाईटी कास्की शाखा प्राथमिक उपचार र सडक सुरक्षा कार्यक्रम अन्तर्गत सो कार्यक्रम कास्कीमा कोत्रेदेखि लुम्लेसम्म सञ्चालन भइरहेको छ। कार्यक्रम अन्तर्गत हालसम्म १२ वटा तालिम सम्पन्न भएको छ।

भूकम्पपीडितलाई..

प्रबेन्ध सहुलियतमा उपलब्ध गराउन बन तथा भू-संरक्षण मन्त्रालयलाई अनुरोध गर्ने, निर्णयमा भनिएको छ, 'कम्बललगायत त्यानो कपडा वितरण गर्ने र सचेतनामूलक सन्देश प्रसारण गर्ने व्यवस्था प्रमुख जिल्ला अधिकारी मिलाउने।' शितलहर जोखिम न्यूनीकरण कार्यका लागि तराईका २० जिल्लालाई १० लाख रुपैयाँका दरले निकासा दिने निर्णय पनि गरेको छ। भूकम्पपीडितलाई १० हजार रुपैयाँ दिने निर्णयसँगै उक्त कार्यक्रम पनि सार्वजनिक गरिएका हुन्।

भूकम्प पछिको पुनर्निर्माणका लागि प्राधिकरण गठन हुन नसक्दा पुनर्निर्माणका काम भने हुन सकेका छैनन्। प्रमुख राजनीतिक दलहरू बीचको विवादका कारण प्राधिकरण गठन हुन नसकेको हो। प्राधिकरणसम्बन्धी विधेयक व्यवस्थापिका संसद्को विधायन समितिमा अड्किएको छ। प्राधिकरण गठन नभएसम्मका लागि सरकारले पुनर्निर्माणका काम योजना आयोगवाट अंघ बढाउने निर्णय गरेको छ।

उक्त निर्णयअनुसार आयोगले सम्बन्धित मन्त्रालयहरूलाई कार्यक्रमको प्रस्ताव गर्न पत्राचार गरिरहेको छ।

—रंग संसार—

गायिक चन्द्रा र गायक चोलेन्द्रको सफलता केलाउँदा

राजाराम पौडेल/गोल्डेन
पोखरा १८ मंसिर ।

लोक दोहोरी गायिका चन्द्रा कार्की उत्तालै हुर्दा लोक दोहोरी गायक चोलेन्द्र पौडेललाई पिर परेको छ । त्यसैले त उनले कार्कीलाइ उत्तालो नहुन आग्रह गरिरहेका छन् । तर पौडेलको आग्रह कार्कीलाई मन परेको छैन । वास्तविक जीवनमा यस्तो भएको भने होइन । चोलेन्द्र पौडेल र चन्द्रा कार्कीको नयाँ रोईलो एल्बम 'किन हुन्छौ उत्तालो' एल्बममा समावेश गीतमा गरिएको ठट्टा मात्र हो ।

गीतको शब्द र लय सिर्जना शिव हमालले गरेका छन् । 'उमेर हुन्जेल बैस हुन्जेल आफ्नै शुर, दुबै को दिन डल्केपछि बल्ल मिल्यो कुरा' भन्दै जवानीको जोश होस गुमाउदा पछुताउन परेको प्रसंग राखिएको छ । त्यसैगरी 'मनले भन्छ हरे राम मुखले भन्छ रामराम मनले भन्छ हरे राम मायाजालमा परे राम' भन्दै आफूलाई सार्थुको रुपमाचिनाउन पौडेलले खोजेका छन् । गीतको भिडियोमा समेत पौडेल र कार्कीले अभिनय गरेका छन् ।

यसअघि सेतीमाथि पुल गीतमा अभिनय गरेका पौडेलले आफ्नो अभिनयलाई दर्शक श्रोताले मन परायनेमा विश्वस्त छन् । म्युजिक भिडियो काठमाडौंको नारायण स्थानमा छायाकंन भएको हो । गीत मार्फत युवा अवस्थामा विचारै नगरी माया र प्रेम गर्दा पछि पछुताउनु परेको भन्दै सचेत रहन सन्देश दिइएको छ । गीतले नयाँ पिढीलाई गम्भीर बन्न पेरित गर्ने पौडेलको दावी छ । यस अगाडि पशुपति शर्माको लय शब्दमा चोलेन्द्र पौडेल र चन्द्रा कार्कीको पानी मुनी-मुनी बोलको गीत बजारमा आएको थियो । यो गीतलाइ पनि दर्शक श्रोताले रुचाएका थिए । भारतको अरुणाञ्चलमा पिता मन बहादुर र माता मनरुपा पराजुलीको कान्छी सन्तानको रुपमा जन्मिएकी चन्द्रा बाल्यकालमा चञ्चले स्वभावकी थिइन् रे । स्कुल पढ्दा स्कुलमा हुने सांगीतिक कार्यक्रममा गीत गाउने गरेकी उनको गीत संगीतप्रति सानैदेखि रुची थियो । ६ वर्षको उमेरमा नेपाल फर्किएकी उनको बाँकी बाल्यकाल कास्कीको बाटुलेचौरमै बित्यो । गाउँमा हुने र स्कुलमा हुने कार्यक्रममा भाग दिने गरेकी उनले थुप्रै पुरस्कार जितिन् । रुची र प्रतीभा हुर्दा-हुर्दै विविध कारणले यात्रा अगाडि बढाउन भने उनलाई सहज बनेन । बच्चा देखिने इच्छा अपुर्ण मौका नमिलेकोले सांगीतिक क्षेत्रमा अगाडि बढ्न नसकेको अपुर्ण अठिले भने सहज भएको सुनाउँछिन् । प्रजापति पराजुलीको प्रेरणाले यो क्षेत्रमा लाग्न हौसीएकी उनी पराजुलीलाई 'गड फादर' मान्छिन् । घरपरिवारबाट राम्रो सपोर्ट भएकै कारण महिला भएर पनि अगाडि बढ्न सकेको उनले बताइन् । उनका श्रीमान् हाल लण्डनमा छन् भने छोरा-छोरी र सासु ससुराको साथमा उनी पोखरामा बस्छिन् ।





कार्यक्रममको शिलशिलामा पोखराका अलावा दाङ, सुर्खेत, म्यादी, बारलुङ, पर्वत, रुपन्देही, कपिलवस्तु, नवलपरासी, गोरखा, लमजुङ्ग लगायतका नेपालका विभिन्न ठाउँमा पुगी आफ्नो प्रस्तुति देखाईसकेकी छन् । भ्याली बाहिरका कार्यक्रमबाट बढि आम्दानी हुने बताउने उनी पोखरा अनि यस आसपासमा हुने मेला महोत्सवममा बढी व्यस्त देखिन्छिन् । उनले सांगीतिक यात्रा सुरु गरेको भने धेरै समय भएको छैन । २०६९ सालको तीजमा 'नाच माया छमछमति' बोलको गीत दर्शक श्रोतामाझ पस्किएर सांगीतिक फाँटमा औपचारिक रुपमा डेब्यू गरेकी थिइन् । लय राजन कार्कीको रहेको गीतको शब्द प्रजापति पराजुली बुनेका थिए भने आवाजमा चन्द्रालाई राजन र प्रदिप विपाठीले साथ दिएका थिए । गीतबाट पाएको सकारात्मक प्रतिक्रियाले गर्दा यो वर्षनै उनले 'यसपालिको दशै मनाउ कसरी' बोलको गीत लय र शब्द कृष्ण सुवेदीको रहेको गीतमा आवाजमा समेत सुवेदीले कार्कीलाई साथ दिएका थिए । २०७० सालमा 'माया लाउन मिल्छ र' बोलको गीत मार्फत उनको लोकप्रियता बढ्न पुग्यो । जुन गीतमा लयर शब्द सिर्जना शिव हमालले गरेका थिए भने आवाजमा शिरिष देवकोटाले कार्कीलाई साथ दिएका थिए । यो वर्षनै 'खाइन्छ मजाले' र 'माइतीमा जम्मा भैसालिन्छौ' तीज गीत बजारमा ल्याएकी थिइन । उनको एल्बम 'भुल्नै गाह्रो भो' लाई पनि दर्शक श्रोताले मन पराएका थिए ।

यता कास्कीको भलाम-४ मा बाबु लेखनाथ पौडेल तथा आमा हेमकुमारी पौडेलको सन्तानको रुपमा २०२५ सालमा जन्मिएका चोलेन्द्र सानैदेखि लोक तथा दोहोरीगीत संगीतमा रुची राख्ने । सानैदेखि उनले अग्रज कलाकारका गीत ध्यान दिएर सुन्ने गर्थे । गाँउ घरमा हुने विभिन्न प्रतियोगितामा गीत गाई हाल्थे । यस्ता कार्यक्रमबाट राम्रो 'सपोर्ट' र प्रेरणा मिल्न पुग्यो । फलस्वरुप लोकगीत संगीतको क्षेत्रमा केही गर्ने जोश जागरका साथ अगाडि बढ्ने उद्देश्यका साथ २०५६ सालमा 'जाउ डाँडै काटेर' एल्बम बजारमा ल्याए । २०५९ सालमा दोस्रो एल्बम 'सेतीमाथि पुल', २०६० मा 'मुग्लानको यात्रा', २०६२ मा 'बैशीथोकी व्यथा', २०६३ मा 'पछेउरीको छेउ', २०६४ मा 'हुन्छ मने हुन्छ मन', २०६५ मा 'एउटा थाप्लोमा दुईवटा नाम्लो' (तीज गीत), २०६६ मा धेरै माया गछु भन्लेले लगायतका एल्बम बजारमा ल्याइसकेका उनले २०६८ मा 'गैरा गाउँकी बाटुली' र २०६९मा १०औं एल्बम 'चौपट्टै मन पऱ्यो' दर्शक एवं श्रोतामाझ पस्केका थिए । उनले आवाज भरेको 'चढ्यो चढ्यो जवानी' बोलको गीतलाई समेत दर्शक श्रोताले रुचाएका थिए । व्यवसायिक भन्दा पनि कला र संस्कृतिको जगेना गर्ने उद्देश्यले एल्बम बजारमा ल्याउने बताउने उनले तीजको अवसरमा विभिन्न कलाकारसँग मिलेर तीजको गीत समेत बजारमा ल्याएका थिए । राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय सदस्य समेत रहेका उनले हरेक साँझ पोखराको सिर्जनाचोकमा रहेको बिसौनी दोहोरी साँझमा आफ्नो प्रस्तुति राख्ने गर्दछन् । उक्त दोहोरी साँझमा उनको लगानी पनि छ ।

प्रतिक्रियाका लागि :
popdiary@gmail.com

निगमका खड्कालाई कार्वाही शिफारिस

काठमाडौं १८ मंसिर ।

नेपाल आयल निगम सञ्चालक समितिले निगम निर्देशक गोपालबहादुर खड्कालाई कारवाही गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सिफारिश गरेको छ। समितिको बैठकले खड्काले दिएको जवाफ चित्त बुझ्दो नभएको र उनलाई बारम्बार बैठकमा उपस्थित हुन बोलाउँदा पनि नआएपछि कारवाहीका लागि सिफारिश गरेको समितिका एक सदस्यले जानकारी दिए। निगम सञ्चालक बोर्ड सदस्य सूर्यप्रसाद आचार्यले खड्कालाई निलम्बन नगरिएको तर कारवाहीको लागि मन्त्रालयमा सिफारिश गरिएको बताए। खड्कालाई सञ्चालक बोर्डले इन्धन असहज भएको समयमा मन्त्रालयलाई वितरणमा सहयोग नगरेको, आफ्नुखुसी तेल वितरण गर्दै कालोबजारीलाई प्रोत्साहन गरेको भन्दै गत शुक्रवार लिखित स्पष्टिकरण मागेको थियो।

हार्दिक सम्वेदना



जन्म:
वि.स.-१९९०/०४/१०

स्वर्गारोहण
वि.स.-२०७२/०८/०७

स्व. गोमाकुमारी कोइराला

नेपाल महिला संघ पोखरा उपमहानगरपालिका वडा नं. ४ कार्यसमितिकी सल्लाहकार श्री लक्ष्मी कोइरालाज्यूकी ममतामयी माइलीआमा **गोमाकुमारी कोइरालाको** असामयिक निधन भएको आज १३औं दिनको पस्पय तिथिमा यस दुःखद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

जानकीदेवी कोइराला
इकाइ अध्यक्ष एवं
नेपाल महिला संघ पोखरा-४ कार्यसमिति परिवार

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& **China**
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उत्तिर्णले apply गर्न सकिने
2. Part Time Job म्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

प्रो. वद्री के.सी. : ९८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानिक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

पर्यटक रिहा...

पर्यटकले त्यही क्षेत्रमा झोलको प्रयोग गरी फोटो खिच्ने गरेको भेटिएको हो । कोरला नाका खोल्न व्यवस्थापिका-संसदको विकास समितिका सभापत रवीन्द्र अधिकारीसमेतको टोलीले स्थलगत अध्ययनगरी फर्के लगतै झोल घट्ना सार्वजनिक भएको हो ।

युनेस्कोले विश्व सम्पदा सूचीमा राखेको 'माटोको शहर' मुस्ताङको उपल्लो भेग प्रायस् लुकेको क्षेत्र लोमन्थाङमा ०४६ पछिमात्र विदेशीलाई निश्चित सर्त सहित औपचारिक र खुल्ला रुपमा प्रवेश दिइएको हो । सन् १९०३ मा जापानका भिक्षु इकाई कावागुची पोखराबाट म्याग्दीको घोडेपानी-तातोपानी हुँदै तिब्बत पसेपछि मात्र मुस्ताङमा पर्यटकको आँखा पर्न थालेको मानिन्छ । विदेशी पर्यटकले लोमन्थाङ क्षेत्रको भ्रमणमा जाँदा दर्ता भएको ट्रेकिङ एजेन्सी मार्फत सरकारी अधिकृतको साथमा तोकिएको शुल्क बुझाएर कम्तिमा १० दिनमा ट्रेकिङ सक्नै पर्ने (आधार खुलाएर थप ३ दिन थप्न सकिने) नियम छ । त्यसैगरी स्थानीय समुदायलाई आर्थिकरभौतिक सहयोग गर्दा प्रमुख जिल्ला अधिकारीको स्वीकृत लिनु पर्ने सर्त रहेको छ । कालीगण्डकी नदीको उदरुमम स्थल सीमावर्ती पटार लोमन्थाङ विश्वभरका पर्यटकका लागि आकर्षक गन्तव्य बन्न थालेको छ । अन्तर्पूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमन्थाङ कार्यालयका अनुसार लोमन्थाङमा वर्षेनी तीन हजारबढी पर्यटक पुग्छन् । एक्याप लोमन्थाङ कार्यालयका पर्यटन सहायक मधु बरालका अनुसार उपल्लो मुस्ताङ पुग्ने अधिकांश पर्यटकहरु क्रमशस् अमेरिका, फ्रान्स, जर्मन, बेलायत र इटालिका हुन्छन् । विस २०११ तिर तिब्बतबाट भागेका खम्पा जातका १४ हजारबढी सशस्त्र तिब्बीहरुले हिमालपारीको जिल्ला मुस्ताङलाई आधार बनाई सशस्त्र विद्रोह गरेका थिए । खप्पा विद्रोहलाई नेपाल सरकारले विस २०३१ सफल निसस्त्रीकरण कारबाही गरेको थियो ।

वार्ता स्थगित


काठमाडौं १८ मंसिर ।

तीन प्रमुख दल र मधेसी मोर्चाबीच शुक्रबार साँझ बालुवाटारमा हुने भनिएको वार्ता मोर्चाका नेताहरू नआएपछि स्थगित भएको छ। ५ बजे सुरू हुने भनिएको वार्तामा मोर्चाका नेताहरू साढे ६ बजेसम्म नआएपछि संविधान संशोधन विधेयक अघि बढाउने निर्णय गर्दै तीन दलको बैठक सकिएको हो। बालुवाटार स्रोतका अनुसार मधेसी मोर्चाका नेताहरू परामर्शका लागि भारतीय राजदूतावास लैनचौर गएपछि तीन दलका नेताहरूले शुक्रबारको बैठक टुङ्याउने निर्णय गरेका हुन्। प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीका शीर्ष नेताहरुले संसदमा पेस भएको संविधान संशोधन विधेयक अघि बढाउने निर्णय गरेका छन्।

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८१६१-०६६०२

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०८८५
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हबेलीमार्ग, काजीपोखरी
पोखरा-१८
Sajilee
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

खुशीको खबर !



के तपाईलाई लागेभागे भई छेवभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलको गड्डी पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, आँधोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५५

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department **एवं** अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पुर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity माईको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।
८. विदेश जान इच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इच्छादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलब्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
४८०६७०८२४६, ४८०६७०८२४७, ०६१-५३०७३४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विज्ञनेश कम्प्लेक्सको दोस्रो तला)

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्ट्स, रोयल ईस्पायराका साथै सिपेजको समस्या साबधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३२६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गड्बढी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट ढाड कम्मर दुखने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो छायाँ पोतो, इण्डिफोर, दाग धब्बा, मस्सिना, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो महिलाको तौल चाडनै नाथी मोटो पनि घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई फिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६९३७४१८
फि होम डेलिभरी

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहर संचालन गरिरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता ग्यारेण्टी गरिन्छ ।
०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्ले मनपायर कम्पनीबाट प्रोशिस गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
सम्पर्क **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विज्ञनेश कम्प्लेक्स सटर नं. ३०, फोन:०६१-५२०२५२, मो. ९८४६०-४१४९२

पोखरामा पहिलो पटक
यौनदुर्बल : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको छिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
दाँड तथा जोर्नी दुखाई ठिक पार्न, सत्यी क्षुधा पेनलिस।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

विग तीज धमाका र महाआजिजाका विजेता पुरस्कृत

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।



पोखराको विग एफएमले विभिन्न अवसरमा संचालन गर्दै आएको रेडियो ईभेन्टहरुका विजेतालाई शुक्रबार एकैसाथ पुरस्कार वितरण गरेको छ । तीजको अवसर पारेर आयोजना गरेको 'विग तीज धमाका' र दशैंको अवसरमा आयोजना गरेको 'महा आजिजा'का विजेताहरुलाई शुक्रबार एफएम परिसरमै पुरस्कार वितरण गरेको हो । एफएमले दिएको जानकारी अनुसार विगतीज धमाका अन्तर्गत एक जना बम्पर पुरस्कार विजेता र ९ जना विजेताहरुले पुरस्कार प्राप्त गरे । सो ईभेन्ट अन्तर्गत कमला राईले बम्पर पुरस्कार प्राप्त गरेकी थिईन् । बम्पर पुरस्कार स्वरुप उनले सुनको वाला प्राप्त गरिन् । अन्य ९ जना विजेताले भने नगद २ हजार रुपैयां प्राप्त गरेका थिए । विग तिज विग धमाका रेडियो गेम शोलाई 'फेयर एण्ड लभ्ली वर्ल्ड च्यालेन्ज'ले प्रायोजन गरेको थियो । पुरस्कार वितरणको क्रममा यूनिलिभरका रिजनल सेल्स अफिसर राजेश गुरागाईं र टेरिटोरी सेल्स इन्चार्ज अश्विन अर्याल समेत सहभागी थिए । पुरस्कार वितरण गर्दै उनीहरुले वर्षेनी विग एफएमसँग उसले गर्ने ईभेन्टमा व्यवसायीक सहकार्य गर्न पाउँदा खुशि लागेको बताए । एफएमसँग नियमित रुपमा व्यवसायिक सहकार्य गर्दा कम्पनीको उत्पादनलाई ब्राण्डिङ गर्न पनि सघाऊ पुगेको उनीहरुले बताए ।

यस्तै दशैंको अवसरमा संचालन भएको रेडियो ईभेन्ट महा आजिजा अन्तरगत १३ जनाले पुरस्कार प्राप्त गरे । महा आजिजा अन्तरगत स्याङ्जाकी सोनु थापाले सर्वाधिक पुरस्कार प्राप्त गरिन् । महा आजिजामा सोधिएको प्रश्नहरुको सहि उत्तर दिएर उनले १३ हजार रुपैयां जितेकी थिइन् । पुरस्कार प्राप्त गरिसकेपछि विग एफएले संचालन गर्ने 'महा आजिजा' नामको रेडियो गेम शोले स्रोताहरुको सामान्य ज्ञान बढाउन भूमिका खेलेको प्रतिक्रिया दिईन् ।

यो पटकको 'महा-आजिजा'लाई एक्सेस एज्युकेशन नेटवर्कले प्रायोजन गरेको थियो । शुक्रबार विजेताहरुलाई पुरस्कार वितरण गर्ने क्रममा नेटवर्कका ब्रान्च डाईरेक्टर राजन भण्डारी र सिनियर काउन्सिलर विजय अधिकारी समेत सहभागी थिए । 'शिक्षाको क्षेत्रमा काम गर्ने हामीहरुले शैक्षिक ज्ञान वृद्धि गर्ने खालको रेडियो गेम शोमा प्रायोजन गर्दा हामीलाई व्यवसायिक हिसाबले फाईदा पुगेको छ ।' नेटवर्कका सिनियर काउन्सिलर अधिकारीले भने-'आगामी दिनमा पनि विग एफएमसँगको सहकार्यले निरन्तरता पाउनेछ ।' कार्यक्रममा विग एफएमका अध्यक्ष महेश भण्डारीले सम्पुर्ण विजेताहरुलाई बधाई दिनुका साथै प्रायोजकहरु लाई कार्यक्रम सफल बनाउन भूमिका खेलेकोमा धन्यवाद ज्ञापन गरे । उनले यस्तै व्यवसायिक सहकार्य भएकै कारण विग एफएमका हरेक ईभेन्ट विशेष खालको हुने गरेको स्पष्ट पारे ।

तरुण दल कास्कीद्वारा विरोध प्रदर्शन

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

नेपाल तरुण दल कास्कीले पोखरामा विरोध प्रदर्शन गरेको छ । भारतद्वारा लगाईएको अघोषित नाकाबन्दी खुल्दा गर, कालो बजारी र महंगी नियन्त्रण गर भन्दै विरोध प्रदर्शन गरेको हो । नेपाली कांग्रेस कास्की पार्टी कार्यालयबाट निकालिएको विरोध र्याली महेन्द्रपुल, चिप्लेढुङ्गा हुदै मानवअधिकार चोकमा पुगेर विरोध सभामा परिणत भएको थियो । विरोध सभामा बोल्दै नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा सांसद जीवन परियारले सरकारमा रहेका जिम्बे वार व्यक्तिहरुबाट गैर जिम्बेवारी अभिव्यक्ति आएकै कारण देशले यो अवस्था भोगेको बताए । यो विरोध भनेको सरकार गिराउनका लागि होईन उनले भने-अघोषित नाकाबन्दी खुल्दा गर र कालोबजारी र महंगी रोक्न सरकारलाई दबाब दिनका लागि यो विरोध गरिएको हो । नागरिकका समस्या सुन्न नसक्नेलाई सरकारको दर्जामा राख्न नसकिने उनको भनाई थियो । नेपाली कांग्रेसका नेता शुक्राज शमालें जब जब नेपालमा संकट पर्छ तब कांग्रेसका भूमिका महत्वपूर्ण रहने बताए ।

नेपालका हरेक संकटको समाधान गर्ने पार्टी भनेकै नेपाली कांग्रेस हो उनले भने-जनतालाई दुःख परेको बेला कांग्रेस नाफ नोक्सान नहेरीकन त्यसको समाधान गर्ने नेतृत्व लिनेछ। नेपाली कांग्रेस कास्कीका सभापति तथा सांसद यज्ञबहादुर थापाले काल बजारी महंगी बढ्दै गएमा कांग्रेस चुप लागेर नबस्ने बताए । अहिले आफन्त र नजिकका व्यक्तिले ओली पोट्टोल पम्प र पुन पेट्रोल पम्पमा तेल पाइने गरेको नागरिकको गुनासो आउने गरेको छ उनले सरकारप्रति व्यङ्ग गर्दै भने-यति यस्तो गतिविधि बढ्दै गएमा कांग्रेस मुख दर्शक भएर बस्ने वाल छैन। नेपाली कांग्रेस कास्कीका पूर्व सभापति सोभियतबहादुर अधिकारीले नेपाली कांग्रेसको उपस्थिति नहुदा सम्म नागरिकले राहात पाउने नसक्ने बताए। कार्यक्रममा सांसद शारदा पौडेल तरुणदलका केन्द्रिय सदस्य ऋषिराम कफ्ले, कास्कीका अध्यक्ष मनोज गुरुङ, सचिव शंकर दुडानाले पनि बोलेका थिए ।

कसमसमा चित्रकला र वक्तृत्वकला, फिस्टेलमा वादविवाद

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

पोखराको कसमस इन्टरनेशनल कलेजको आयोजनामा अतिरिक्त क्रियाकलाप अन्तर्गत, विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभालाई उजागर गराउन कलेजमा अध्ययनरत विद्यार्थीहरुका बिच चित्रकला तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा चित्रकला तर्फ बिस र वक्तृत्वकला तर्फ अठाइस जना सहभागी भएका थिए । चित्रकला प्रतियोगिता प्रतिमा गौतम प्रथम, सौगात परियार द्वितिय, महिमा तमाङ्ग र एकता रसाइली तृतीय, पवन अधिकारी र प्रतिक्षा रानाले सान्त्वना स्थान प्राप्त गरेका थिए भने वक्तृत्वकला प्रतियोगितामा सौगात परियार प्रथम, स्मृति बानियाँ द्वितिय, बिक्रम आचार्य तृतिय, वर्षात परांजुली र एलिसा परांजुलीले सान्त्वना स्थान प्राप्त गरेका थिए । निर्णायकहरुमा कलेजका ऐकेडेमीक को-अर्डिनेटर भरत गुरुङ, सईन्द्र श्रेष्ठ र शिक्षिक बेदनाथ शर्माले गरेका थिए ।

यसैगरी पोखराको पार्दीस्थित फिस्टेल एकेडेमी उच्च माविले अतिरिक्त क्रियाकलापअन्तर्गत शुक्रबार वादविवाद प्रतियोगिता सम्पन्न गरेको छ । प्रतियोगितामा कक्षा ८ र ९ समूहबाट स्मृति पौडेल, सन्ध्या श्रेष्ठ, कुशल खनाल, प्रिया श्रेष्ठ र कक्षा ६ र ७ समूहबाट मुस्कान रानाभाट, अंकिता गुरुङ, केचन रानाभाट र सदीक्षा आचार्य क्रमशः प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुन सफल भएका थिए । विद्यार्थीहरुले 'वैदेशिक रोजगारी भन्दा स्वदेशी परिश्रम ठिक' र 'गाउँले जीवन भन्दा सहरीया जीवन ठिक' भन्ने विषयको पक्ष विपक्षमा आ-आफ्ना तर्क राखेका थिए । यसअघि सो प्रतियोगिताको विद्यालयका संस्थापक अञ्जु रानाभाटले उद्घाटन गर्दै तर्कशीलताले असल व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने र सोको लागि वादविवाद प्रतियोगिता सहायक हुने बताइन् । विद्यालयका सामाजिक शिक्षा विभाग प्रमुख टेकबहादुर थापाको अध्यक्षतामा सम्पन्न प्रतियोगिताको संचालन विद्यार्थी डेजिना गदालले गर्दै थिइन् । विद्यालयका प्रशासक दुर्गा न्यौपाने र दुर्गा ढकालले निर्णायकको भूमिका खेलेको उच्च मावि संयोजक रामबन्धु पोखेलले जानकारी दिए ।

नपा कार्यकारी प्रमुख अधिकारीलाई स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

पोखरा उपमहानगरपालिकाको कार्यकारी अधिकृतको रुपमा पुनः दोश्रो पटक पोखरामा अरुवा भई आएका भलकराम अधिकारीलाई टोलविकास संस्था नगर समन्वय समितिले शुक्रबार एक कार्यक्रमको आयोजन गरी स्वागत गरेको छ। नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा बोल्दै नगरपालिकाका प्रमुख झलकराम अधिकारीले आफ्ले अघिल्लो कार्यकालमा सुरु भएको तर पुरा हुन नसकेका योजनालाई पहिलो प्राथमिकतामा राखी कार्य गर्ने बताए । उनले टोलविकास संस्थाहरु भनेका नगरपालिकाका साँझेदार संस्था भएकोले नगरपालिकाले गर्ने हरेक विकास कार्यक्रममा टोलविकास संस्थाको अपरिहार्य सहयोग आवश्यक पर्ने भएकोले टोलविकास संस्थाहरुलाई अधिकार सम्पन्न संस्था बनाउन आफूले सक्दो सहयोग गर्ने बताए।

नगरपालिकाका केही गैर जिम्मेवार कर्मचारीको कारण नगरपालिकाका सेवाग्राहीले दुःख पाएको बताउँदै आन्तरिक कार्य प्रणालीमा सुधारमा व्यापक कार्यहरु गरिने बताउँदै पोखराको वासिन्दा भएको नाताले पनि अन्य कार्यकारीहरुले भन्दा बढि जिम्मेवार भएका नगरवासीको सेवा गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए। पोखरा उपमहानगरपालिकाका १८ वडामा गठन भएका टोलविकास संस्थाहरु, आमा समुहहरु तथा महिला समुहहरुका अध्यक्ष तथा पतिनिधिहरुले कार्यकारी प्रमुख अधिकारीलाई स्वागत गरेका थिए। टोलविकास संस्था नगर समन्वय समितिका अध्यक्ष उज्ज्वल खत्रीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत प्रथम उपाध्यक्ष उत्तम जोशीले गरेका थिए । सहसचिव माया सुवेदीले शुभकामना मन्तव्य व्यक्त गरेको कार्यक्रमको संचालन सचिव प्रकाश पौडेलले गरेका थिए।

यता, वडा नागरिक मञ्च पोखरा-९ को आयोजनामा स्थानीय बजेट विनियोजनमा वडा नागरिक मञ्चको पहुँच तथा निगरानी सम्बन्धी अभिमुखीकरण कार्यक्रम शुक्रबार सम्पन्न भयो। साथै सोही अवसरमा वडा नागरिक मञ्चका अध्यक्ष लेखुराम खतीको संयोजकत्वमा पाँच सदस्यीय बजेट कार्यान्वयन अनुगमन कार्य समिति गठन गरेको छ। समितिको सदस्यहरुमा इन्द्रकमल मानन्धर, उत्तम जोशी, गंगाराज पौडेल र सरु श्रेष्ठ रहेका छन्। बडा सचिव लोकदर्शन कोईरालाको सहजीकरणमा भएको कार्यक्रमको संचालन सामाजिक परिचालक भावना श्रेष्ठले गरेकी थिईन।

एक लाखको अक्षयकोष स्थापना

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

लायन्स क्लब अफ पेवा सिटीका सदस्य तथा प्रजातन्त्रका चिन्तक पदम गिरीले आफ्ना तीन अभिभावकको स्मृतिमा शुभकामना स्वरुप स्थापना गरेका छन् । राष्ट्रिय पर्वहरुमा सम्मान गरेका छन् । सामाजसेवी गिरीद्वारा स्थापित अर्को सोचको सम्मान गरेका छन् । समाजसेवी गिरीद्वारा स्थापित अर्को विद्यालय राममन्दिर उ.मा.वि.मा हाल दश जोड दुईको कक्षा सञ्चालन हुँदै आएको छ । गिरी हालै लायन्स क्लब क्यानिटेजको मिटिङ्गबाट काठमाडौंमा समेत सम्मानित भएका छन् ।

१०औं विटिकप पुसको ४ गतेदेखि

पोखरा १८ मंसिर ।(गोल्डेन)

पोखरा १ बगर पुरानो टुहिखेलमा रहेको बुद्धटोल युवा क्लवले १०औं सेभेन ए साइड फुटवलको आयोजना गर्ने भएको छ। पोखराको पुरानो टुहिखेलमा आयोजना हुने उक्त सेभेन ए साइड फुटवल आगामी पुष ४ देखि १० गतेसम्म सञ्चालन हुने भएको हो । प्रत्येक वर्ष सेभेन ए साइड फुटवलको विकास र खेलकुदको माध्यमबाट भाइचारा सम्बन्ध सञ्चालन गर्ने उद्देश्यले सञ्चालन हुदै आएको सेभेन ए साइड फुटवल अन्तर्गत यस वर्ष १०औं संस्करणको फुटवल प्रतियोगितालाई सफल बनाउन पदिप राइ (दारसिङ दाई)को संयोजकत्वमा विभिन्न उपसमितिहरु बनाइ प्रतियोगिताको तयारीमा लागी परेको क्लवका अध्यक्ष अरुण गुरुङले जानकारी दिए । करिब ५० टिम सहभागी हुने प्रतियोगितामा प्रथम हुने टीमलाई नगद एक लाख एक हजार एक सय एघार, शिल्ड, मेडल र प्रमाण पत्र र द्वितिय हुनेलाई पचप्न हजार पाँच सय पचपन्न, शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिने खेल संयोजक पदिप राइ (दारसिङ दाई)ले जानकारी दिए । प्रतियोगितामा क्वाटर फाइनल देखि प्रत्येक खेलमा म्यान अफ दि म्याच, खेल भरकै सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्टर, उत्कृष्ट फरवार्ड र उत्कृष्ट गोल किपरलाई विशेष पुरस्कारले सम्मान गरिने आयोजकले जनाएको छ ।

पूर्व प्रम भट्टराई भारत प्रस्थान

काठमाडौं १८ मंसिर ।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई शुक्रवार अपराह्न भारत प्रस्थान गरेका छन् । शुक्रबार दिउँसो २:४० बजे जेट एयरवेजमार्फत उनी मुम्बई उडेको भट्टराईका सहयोगी विश्वविदप पाण्डेले फेसबुकमा लेखेका छन् । उनका अनुसार भट्टराईले मुम्बईमा शनिवार विश्व बैंकले आयोजना गर्ने नेपाल-भारत आर्थिक सम्बन्ध विषयक कार्यक्रममा सहभागी हुनेछन । भट्टराई आइतवार काठमाडौं फर्कनेछन ।

यसैबीच आन्दोलनरत मधेसी मोर्चाका शीर्ष नेताहरू आइतवार दिल्ली जाने भएका छन्। उच्च स्रोतका अनुसार मोर्चाका नेताहरूको भारतीय विदेश मन्त्री सुष्मा स्वराजसँग बैठक तय भएको छ त्यस्तै मोर्चा नेताले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल तथा विभिन्न राजनीतिक दलका नेताहरू सँग पनि भेट गर्ने छन्। मोदीसँगको भेटबारे भने अहिलेसम्म तय भएको छैन। शुक्रबार तीन दल र मधेसी मोर्चाबीच हुने भनिएको वार्ता हुन सकेन। मोर्चाका नेताहरू भारतीय दूतावास लैनचौरमा भारतीय राजदूत रञ्जित रेसँग भेट गरिरहेका छन्।

बारपाकको होमस्टे प्रवर्द्धन गर्न जस्तापाता सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

गत वैशाख १२ गते गएको विनाशकारी भूकम्पको केन्द्र विन्दु बारपाकमा रहेका होमस्टेहरुको पुनः व्यवस्थित संचालनका लागि गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) ले १९ वण्डल रंगीन जस्तापाता वितरण गरेको छ। भिटोफ नेपाल केन्द्रीय कार्यसमिति र कास्की जिल्ला कार्यसमितिको संयुक्त आयोजनामा बारपाकका होमस्टे संचालक २० घरधुरीमध्ये अति विपन्न तथा भूकम्पले पूर्ण क्षति भएका ६ घर धुरीलाई प्रत्येक घरलाई २४ पाताको दरले बिहीवार वितरण गरिएको थियो । बारपाक गाविस वडा नं. ४, घर नं. २ का प्याली घले, वडा नं. ५ घर नं. ४ का पुरबहादुर घले, घर नं. ५ का फुलदासी घले, घर नं. ६ का रसबहादुर घले, वडा नं. ७ घर नं. ११ का पञ्चलाल घले र वडा नं. ९ घर नं. १३ का सुनबहादुर घलेलाई करिब दुई लाख पचास हजार बराबरको रंगीन जस्तापाता सहयोग प्रदान गरेका थिए। जस्तापाता वितरण कार्यक्रमका प्रमुख अतिथि भिटोफ कास्कीका अध्यक्ष तारानाथ पहारीले नेपालको पर्यटन व्यवसायको विकास नै देश विकासको माध्यम भएकोले भिटोफले गाउँ पर्यटन अभिवृद्धिका कार्यक्रम गर्दै आएको बताए। उनले तीन महिना पहिले बारपाकको होमस्टे संचालकहरुलाई दिएका वचनबद्धता अनुरुप नै जस्ता वितरण गरिएको बताउँदै आगामी दिनहरुमा पनि संस्थाले होमस्टे प्रवर्द्धनका कार्यक्रम गर्दै जाने बताए।

होम स्टे संचालक समितिका अध्यक्ष मनोज गुरुङले धेरै संघ-संस्थाले आस देखाएको तर सहयोग नै लिएर पुनः बारपाकमा आएको संस्था नै भिटोफ भएको बताउँदै कुनैपनि संस्थाले यो वा त्यो सहयोग गछुं भनेर भन्दैमा आशा नगरेको बताउँदै आफूहरु मिलेर टेन्टमा पाहुना राखेर पनि होमस्टे संचालन गरेको बताइन्। भिटोफ कास्कीका उपाध्यक्ष चुडामणि दाहाल (राजु) ले कार्यक्रममा स्वागत मन्तव्य राख्दै भुकम्पले थला पारेको गोर्खाको बारपाकमा होम-स्टे संचालनका लागि सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनहरुमा विभिन्न कार्यहरु गरी सहयोगलाई निरन्तरता दिने बताए। सो अवसरमा कार्यक्रम संचालक भिटोफ कास्कीका महासचिव नवराज अधिकारीले भिटोफको कार्यक्रमलाई ग्लोवल भिजन इन्टरनेशनल, रोसियो इम्प्रोमेन्ट अवारनेस (सि-नेपाल), स्वीजरल्याण्डका नागरिक लुईस, लेकसाईडका राजु थापा, श्रीराम गिरी, एडमीरा टुर्स एण्ड ट्राभल्स तथा होटल एडमिराका संचालक बाबुराम पाण्डे, स्काई मार्क टुर्स एण्ड ट्राभल्स, फेवा टुर्स एण्ड ट्राभल्सलगायत सहयोग गर्ने विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई धन्यवाद दिएका थिए।

पोखरा र लेखनाथमा रक्तदान कार्यक्रम हुँदै

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

फेन्सी तथा रेडिमेड व्यवसायी संघ पोखराले आज शनिबार खुल्ला रक्तदान कार्यक्रम आयोजना गर्दै छ । पोखराको चिप्लेढुङ्गास्थित विपिचोकमा कार्यक्रम आयोजना गरिएको छ । संघद्वारा गठित समितिले कार्यक्रमको तयारीलाई अन्तिम चरणमा पुऱ्याएको कार्यक्रम संयोजक प्रजन कुमार थापाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । पोखरामा रगतको अभाव भइरहेको बेला संघले आयोजना गरेको कार्यक्रम महत्वपूर्ण हुने विश्वास व्यक्त गर्दै संयोजक थापाले रक्तदान कार्यक्रममा सहभागी भइ रक्तदान गरिदिन संघमा आवद्ध सदस्यका साथै आम सर्वसाधारणलाई आग्रह गरेका छन् । रक्तदान कार्यक्रम समितिको सदस्यहरुमा राजु पौडेल र हरिप्रसाद अधिकारी रहेका छन् । कार्यक्रमको उद्घाटन क्षेत्रीय उद्योग वाणिज्य संघका अध्यक्ष एवं पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सञ्जीवबहादुर कोइरालाले गर्ने बताइन्छ । २०६४ सालमा स्थापित संघमा हाल पोखरामा रहेका ३७५ व्यवसायी आवद्ध रहेका छन् ।

यसैगरी लायन्स क्लब अफ लेखनाथ सेभेन लेक सिटीको आयोजना बृहिबजार बजार व्यवस्थापन समितिले आगामी मंसिर २३ गते बुधवार लेखनाथ नगर स्तरीय बृहत् खुल्ला रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ। पोखरामा देखिएको रगतको अभावलाई मध्य नजर राख्दै लेखनाथमा रहेका विभिन्न संघ संस्थाहरुको सहकार्यमा लेखनाथ नगरपालिकाको बुढिबजारमा खुल्ला रक्तदान कार्यक्रमको आयोजना गर्न लागिएको क्लवका अध्यक्ष अशोक प्रसाद बरालले जानकारी दिएका छन्। रक्तदान नै जीवन दान हो भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको रक्तदान कार्यक्रमलाई सफल पार्न क्लवका प्रथम उपाध्यक्ष मधुसुधन कोईरालाको संयोजकत्वमा विभिन्न तयारी उप-समिति गठन गरि तयारीलाई तीव्र पारिएको क्लवका सचिव दिपक ज्योती दुंगानाले जानकारी दिए ।

पुनरावेदन बार इकाइको ध्यानाकर्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ मंसिर ।

पुनरावेदन बार अदालत बार इकाइ पोखराले शुक्रबार विज्ञप्ति जारी गरी मानवीय जीवनमा पछिल्लो समय सिर्जित कष्टकर अवस्थापति ध्यानाकर्षण भएको जनाएको छ । बार अध्यक्ष खगेन्द्र राज पराजुली र सचिव इन्द्रप्रसाद बरालद्वारा संयुक्त जारी विज्ञप्तिमा मधेसमा लामो समयदेखि चर्किएको आन्दोलनसँगै भारतीय नाकाबन्दीले मानवको न्यूनतम बाँच्न चाहिने अत्यावश्यक वस्तु खाद्यान्न, औषधी अभावको अवस्था तत्काल अन्त्य हुनुपर्नेमा जोड दिइएको छ । सवारी साधन नपाएर विरामीको उपचार अभावमा अस्पताल जान नपाई मर्नुपर्ने अवस्थाको तत्काल अन्त्य हुनुपर्नेमा उसको जोड छ । जनता आफै शासित हुने जनचाहनाअनुरुप संविधानसभाबाट घोषित नेपालको नयाँ संविधान जारी सँगै विभिन्न माग राख्दै मधेसमा चर्काइएको आन्दोलनमा राष्ट्रिय संकटबाट पार लगाउन जायज माग सम्बोधन गरी तत्काल निकास दिनुपर्नेमा जोड दिइएको छ । त्यस्तै, आन्दोलनरत पक्षलाई पनि आफ्नो हठ छोडी माग पूरा गर्ने नाउँमा जसका लागि आन्दोलन गरिएको हो उसैलाई कष्ट नदिन सुझाव दिइएको छ ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्टसको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension नयुंका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ ।
प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ४८६८५४३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग मैं किन ?
तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेसिन प्रयोग गरिने,
यहाँको मान, सद्भाव र विश्वासको विस्तारताको लागि,
अर्डर क्लोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पुर्ण पोशाकका लागि ।
हुन्नी बाजारे सधैं बबिन टेलरिङ्गमा सिलाई बिनुहुन्छ....
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
हुलाकपोष्ट, बेंसी
फोन: ०६१-५२०५८०
न्यूरोड, पोखरा (आदमडेली बैंकै)
फोन: ०६१-५२०५८०
DIGJAM ASHIRVA OCM Bonlii RAYMOND

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा